**प्रशासन** असार २०८२, वर्ष ५७, अङ्क १, पूर्णाङ्क १४१, १-१५
©२०८० सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
https://doi.org/10.3126/prashasan.v57i1.80648
www.mofaga.gov.np/prashasanjournal
ISSN: 2565-5043 Print / ISSN: 2822-1974 Online

# तथ्यमा आधारित नीति, परीक्षण र अभ्यास

**कवीन्द्र नेपाल***

## लेखसार

सार्वजनिक नीतिहरू मुलुकको विकास, समृद्धि र सुशासनका आधार हुन्। सार्वजनिक नीति चक्रको कार्यसूची तयारी, अनुगमन तथा प्रभाव मूल्याङ्कनका प्रत्येक चरणमा अध्ययन तथा अनुसन्धानबाट प्राप्त गुणस्तरीय नतिजा तथा तथ्यलाई उपयोग गरिनुपर्दछ। व्यक्तिगत, सरकारी/गैरसरकारी तथा निजी सबै क्षेत्रमा गरिने निर्णयमा तथ्यको महत्त्व रहन्छ। सङ्घ, प्रदेश र स्थानीय तहहरू आ-आफ्नो अधिकार क्षेत्रमा नीति निर्माण तथा कार्यान्वयन गर्न/गराउन स्वतन्त्र र अधिकारसम्पन्न छन्। यसमा सहयोग पुऱ्याउन नीति अनुसन्धान प्रतिष्ठान, नीति प्रयोगशाला, सुशासन प्रयोगशाला तथा आइडिया बैंक जस्ता अभ्यास भएतापनि ती संस्थागत हुन सकेका छैनन्। यसैले तथ्यमा आधारित भई निर्णय गर्ने अभ्यासलाई तीनवटै तहमा संस्थागत गर्नुपर्ने आवश्यकता छ। सङ्घीय संसद्को पहिलो कार्यकालमा जारी भएका १०१ वटा कानुन तथा नेपाल सरकारबाट जारी भएका ११३ वटा राष्ट्रिय नीतिहरूको कार्यान्वयनको परीक्षण सुषुप्त अवस्थामै छ। हालसम्म पाँचवटा राष्ट्रिय नीतिहरूको मात्र परीक्षण गरिएको छ। प्रदेश र स्थानीय तहमा यसको थालनी नै भएको छैन। यसैले ७६१ वटै शासकीय इकाईमा नीति तथा कानुन निर्माणदेखि प्रभाव मूल्याङ्कनसम्म यसलाई संस्थागत गर्नुपर्ने आवश्यकता देखिन्छ।

***शब्दकुञ्जी:*** सार्वजनिक नीति, नीति चक्र, तथ्य/तथ्याङ्क, नीति परीक्षण, प्रभाव मूल्याङ्कन।

## विषयपरिचय

सार्वजनिक चासो तथा सरोकारका विषय सम्बोधन गर्न, समस्या समाधान गर्न तथा अन्तर्राष्ट्रिय/क्षेत्रीय तहमा गरिएका प्रतिबद्धता पूरा गर्न सार्वजनिक नीतिको निर्माण गरिन्छ। विद्वान् थोमस डाईले "Public Policy is whatever government choose to do or not to do" भनी सरकारले केही गर्न वा नगर्न लिने

* *सहसचिव, नेपाल सरकार*
*इमेल: kabindra.nepal@gmail.com*

निर्णय नै सार्वजनिक नीति हो भनेका छन्। त्यसैगरी, विद्वान् आइस्टोन (Eysetone) ले सार्वजनिक नीतिलाई सरकारका इकाइहरू र वातावरणसँगको सम्बन्धक रूपमा लिएका छन्।

सार्वजनिक नीतिको कार्यान्वयन एउटा मात्र निकायको एकाङ्की प्रयासले सम्भव हुँदैन। यसैले, जेम्स एन्डरसन (James Anderson) ले सार्वजनिक नीतिलाई "Purposive course of action or inaction undertaken by an actor or set of actors in dealing with a problem or matter of concern" को रूपमा परिभाषित गरेका छन्।

निजी क्षेत्र, गैरसरकारी संस्था, परोपकारी संस्था, स्वार्थ समूहबाट लिइने निर्णयलाई भने सार्वजनिक नीतिको रूपमा लिइँदैन। यस्ता संस्थाबाट लिइने निर्णयहरू ती संस्थासँग मात्र सम्बन्धित हुन्छन्, यद्यपि तिनीहरूले अप्रत्यक्ष रूपमा सार्वजनिक जीवनमा पनि प्रभाव पारेका हुन्छन्। मुलुकले अङ्गिकार गरेको दीर्घकालीन लक्ष्य हासिल गर्न सार्वजनिक नीतिहरू केन्द्रित छन् वा छैनन्, नीतिहरू अपेक्षित रूपमा कार्यान्वयन भएका छन् कि छैनन्, र यस्ता नीतिले तोकिएको लक्ष्य हासिल गरे कि गरेनन् भन्ने समग्र विषयहरूलाई सार्वजनिक नीति निर्माणदेखि मूल्याङ्कनका चरणहरूसम्म ध्यान पुऱ्याउनुपर्छ।

## तथ्यमा आधारित नीति

सामान्यतया व्यक्तिगत र व्यावसायिक दुवै अवस्थामा हामीले निर्णय गर्नुअघि उपलब्ध सूचना, तथ्य/तथ्याङ्कको विश्लेषण गरी उत्तम विकल्पको छनोट गर्दछौं। व्यक्तिले आफ्नो लागि घर किन्ने निर्णय गर्नुभन्दा अगाडि उक्त घर निर्माण भएको समय, आन्तरिक र बाह्य बनावट र सजावट, यसको बलियोपना र गुणस्तरसहित उपलब्ध सुविधाको मिहिन अवलोकन र विश्लेषण गर्दछ। यस्तै, आफूले प्रयोग गर्ने स्मार्ट फोन खरिद गर्नुअघि यसको मोडल, मेमरी, क्यामराको क्षमता, ब्याट्री टिक्ने अवधि लगायतका आधारभूत तथ्यकै आधारमा खरिद गर्ने वा नगर्ने निर्णयमा पुग्दछ। व्यक्तिको यस्तो निर्णयले उसको व्यक्तिगत जीवनमा मात्र प्रभाव पार्दछ। तर, सरकारले लिने प्रत्येक निर्णयले समाजमा तत्काल र दीर्घकालसम्म प्रभाव पार्दछ। यसैले, सार्वजनिक सरोकारका विषयमा निर्णय गर्नुअघि उक्त विषयसँग सम्बन्धित विगत तथा वर्तमानको विश्लेषणका आधारमा भविष्यको सही आँकलन वस्तुगत रूपमा गर्ने अभ्यासलाई तथ्यमा आधारित नीतिको अवधारणाका रूपमा लिइन्छ। तथ्य/तथ्याङ्कको विश्लेषण गरेर त्यसको आधारमा निर्णयमा पुग्दा भविष्यमा आउन सक्ने अनपेक्षित नकारात्मक प्रभाव कम गराउन पनि मद्दत मिल्दछ।

## सैद्धान्तिक पक्ष/आधारहरू

तथ्यमा आधारित नीति निर्माण गर्दा निश्चित सैद्धान्तिक पक्षलाई ध्यान दिनुपर्दछ। EVIDENCECOLLABORATIVE.ORG का अनुसार यस्ता सिद्धान्तहरूले सरकारका विभिन्न तहबाट हुने नीति निर्माणका क्रममा नीति निर्माताले आफ्नो खास धारणा बनाउन मद्दत गर्ने भएकाले देहाय बमोजिमका पक्षहरूलाई आधारका रूपमा लिनुपर्दछः

**(१) Build and compile rigorous evidence (कडा प्रमाण निर्माण र सङ्कलन गर्ने)** उपलब्ध सीमित स्रोत साधनबाट अधिकतम उपलब्धि हासिल गर्न गहन अध्ययन तथा विश्लेषणबाट प्राप्त नतिजालाई नीति निर्माणमा उपयोग गर्नुपर्दछ। अधिकांश सरकारी लगानीबाट प्राप्त नतिजा तथा यसको प्रभावको वृहत्तर विश्लेषण नहुने भएकाले पटकपटक एउटै प्रकृतिका समस्या दोहोरिरहने अवस्था आउने गरेको पाइन्छ।

**(२) Monitor program delivery and use impact evaluation (कार्यक्रमको कार्यान्वयन अनुगमन गर्ने र प्रभाव मूल्याङ्कन प्रयोग गर्ने)** नीति तथा कार्यक्रमको कार्यान्वयन अपेक्षित रूपमा भइरहेको छ/छैन भन्ने कुराका लागि कार्यक्रम तथा नीति कार्यान्वयनबाट सम्बन्धित वर्ग, क्षेत्र र समुदायमा परेको प्रभावको मूल्याङ्कन गर्नुपर्दछ। तथ्यमा आधारित नीति निर्माण गर्दा विगतका नीतिहरूको प्रभाव मूल्याङ्कनका विभिन्न विधिबाट आएको नतिजालाई महत्त्वपूर्ण पृष्ठपोषणका रूपमा लिनुपर्दछ।

**(३) Use Rigorous evidence to improve program, scale what works and redirect funds (कडा प्रमाण प्रयोग गरी कार्यक्रम सुधार गर्ने, सफल कुरालाई विस्तार गर्ने र कोषको दिशा परिवर्तन गर्ने)** नीति तथा कार्यक्रमको गहन विश्लेषणबाट प्राप्त तथ्य तथा प्रमाणले उक्त कार्यक्रमलाई निरन्तरता दिने, विस्तार गर्ने वा उपलब्ध स्रोत साधनको अन्य क्षेत्रमा लगाउने भन्ने लगायतका विषयमा जानकारी प्राप्त हुन्छ।

**(४) Encourage innovation and test new approach (नवप्रवर्तनलाई प्रोत्साहन गर्ने र नयाँ दृष्टिकोण परीक्षण गर्ने)** परम्परागत ढङ्गको अध्ययन तथा अनुसन्धानमा नवप्रवर्तनलाई जोड्न सकियो भने यसले नयाँ तथ्यहरू पहिचान तथा स्थापित गर्न मद्दत गर्दछ भने लामो समयदेखि अवलम्बन र अभ्यास गर्रिँदै आएको विधि र उपाय परिमार्जन गर्न पनि यसले सहयोग पुऱ्याउँछ।

### तथ्यमा आधारित नीतिका उपागमः

**(क) विश्लेषणात्मक उपागमः** यस अवधारणाले मूलतः निर्माण गर्न लागिएको नीतिका विभिन्न पक्षहरूको सूक्ष्म विश्लेषण गर्दछ। समस्याको सही पहिचान गरी अवलम्बन गर्नुपर्ने उपायहरूको बारेमा विश्लेषणसहितको पृष्ठपोषण दिन्छ। सामाजिक पक्षसँग प्रत्यक्ष रूपमा जोडिएका विषयमा गरिने निर्णयमा

यसको प्रयोग हुन्छ। जस्तोः दाइजो, छुवाछुत तथा छाउपडी जस्ता विषयहरूको सम्बोधनमा यसको महत्त्वपूर्ण भूमिका रहन्छ।

**(ख) बजारमा आधारित उपागमः** मुलुकको आर्थिक जीवनसँग जोडिएको विषयहरूमा प्रयोग गरिन्छ। जस्तोः सरकारले लिने राजस्व नीति, मौद्रिक नीति, करका दर हेरफेर आदि। यस्ता नीतिहरूको निर्णयमा निजी क्षेत्रको चासो/सरोकार रहनुका साथै उनीहरूको सुझावहरूलाई पनि निर्णयको आधारका रूपमा लिइन्छ।

**(ग) अगाडि र पछाडि (Ante-Ex post) उपागमः** सार्वजनिक नीति निर्माण गर्नुअघि उक्त विषयसँग सम्बद्ध अगाडि भएका विभिन्न निर्णय/तथ्य तथा नीति/निर्णय कार्यान्वयनबाट भविष्यमा देखिन सक्ने असर र प्रभावका विषयहरू हेरिन्छ।

**(घ) प्रभाव मूल्याङ्कन उपागमः** तथ्यमा आधारित नीति निर्माणको महत्त्वपूर्ण उपागमका रूपमा नतिजाको प्रभाव मूल्याङ्कनलाई लिइन्छ।

## उपागमले प्रदान गर्ने आधारहरू

- तथ्यमा आधारित नीतिको निर्णयबाट सम्बन्धित क्षेत्र/पक्षहरूमा परेको प्रभावको वास्तविक अवस्था एकीन गर्न।
- नीति कार्यान्वयनपछि सम्बन्धित क्षेत्रमा परेको गुणात्मक परिवर्तनको अवस्था एकीन गर्न।
- सम्बन्धित क्षेत्रमा परेको प्रत्यक्ष र अप्रत्यक्ष असरको पहिचान गर्न।
- तर्जुमा गर्न लागिएको नीतिको लाभ-लागत विश्लेषण गरी लागत प्रभावकारी नीति तर्जुमा गर्न।
- त्रुटिरहित नीतिको पहिचान तथा डिजाइन गर्न।

## तथ्य/तथ्याङ्कको भूमिका

तथ्य/तथ्याङ्क बिनाको विश्लेषण मनोगत र विषयगत हुने हुँदा वस्तुगत विश्लेषणको लागि गुणस्तरीय तथ्याङ्कको आवश्यकता पर्दछ। वस्तुगत तथ्याङ्कले सही निर्णय गर्न मद्दत गर्दछ भने तथ्याङ्कमा नै समस्या रहेको अवस्थामा भने निर्णयबाट समस्या सिर्जना हुन्छ। यस्ता सीमिततालाई कम गर्न तपसिलका विषयमा ध्यान पुऱ्याउनुपर्दछः

- निर्णयमा तथ्याङ्कको अपर्याप्तता नहुने गरी तथ्याङ्क बैंकको अवधारणा कार्यान्वयन गर्ने।

- सार्वजनिक निकायमा संस्थागत स्मरणको अवधारणालाई संस्थागत गर्ने।
- तथ्याङ्कको पर्याप्ततामा मात्र होइन यसको गुणस्तर र शुद्धतामा पनि ध्यान पुऱ्याउनुपर्ने।
- सम्बन्धित क्षेत्रको वर्गीकृत र आधारभूत तथ्याङ्क तयार गर्ने।
- एउटा क्षेत्रका लागि लिइने निर्णयको असर/प्रभाव अर्को क्षेत्रमा पनि पर्ने भएको हुँदा क्षेत्रगत रूपमा तुलना गर्न सकिने तथ्याङ्क सिर्जना तथा उपयोग गर्ने।

## अनुसन्धानको भूमिका

यस्ता अनुसन्धानको मुख्य लक्ष्य सम्बन्धित निकायलाई नीति निर्माणका लागि सहयोग पुग्ने गरी तथ्यहरू प्रस्तुत गर्नु नै हो। यसै सन्दर्भमा फ्रोहक (Frohock) ले इक्विटी (Equity), इफिसिएन्सी (Efficiency), पारेटो अप्टिम्यालिटी (Pareto Optimality) र पब्लिक इन्ट्रेस्ट (Public Interest) आदिलाई नीति मूल्याङ्कनको आधारका रूपमा लिएका छन् भने एडवर्ड सचम्यान (Edward Suchman) ले इफर्ट (Effort), परफमेन्स (Performance), एडिक्वेसी (Adequacy), इफिसिएन्सी (Efficiency) र प्रोसेस (Process) लाई नीति मूल्याङ्कन गर्दा ध्यान दिनुपर्दछ भनी उल्लेख गरेका छन्। यसरी नीतिको मूल्याङ्कनका लागि विभिन्न विद्वानहरूले लिएका आधारहरू करिब समान किसिमकै देखिन्छन्। कुनै खास नीति विशेषका लागि भने नीति मूल्याङ्कनका अलग्गै तथ्यपरक आधारहरू तय गर्न पनि सकिन्छ। सामान्यतया देहाय बमोजिमका तथ्यहरूलाई नीतिको विश्लेषण, मूल्याङ्कन र निर्णयको आधारका रूपमा लिने गरिन्छः

**(१) दक्षता (Efficiency)** नीति कार्यान्वयनका लागि उपलब्ध तथा प्रयोग भएको स्रोत साधन तथा जनशक्तिको उपयोगको मूल्याङ्कन गरिन्छ। दक्षताको मापन खासगरी उत्पादित वस्तु तथा प्रवाह भएको सेवालाई उक्त कार्यमा गरिएको लगानीको प्रतिइकाई लागतसँग तुलना गरिन्छ।

**(२) प्रभावकारिता (Effectiveness)** नीतिको उद्देश्य तथा लक्ष्य प्राप्तिसँग तुलना गरेर प्रभावकारिता मापन गरिन्छ। जस्तो वातावरण नीतिको कार्यान्वयनबाट वायु प्रदूषणको गुणस्तरमा भएको सुधार तथा स्वास्थ्य नीतिको कार्यान्वयनबाट नागरिकको समग्र स्वास्थ्य अवस्थामा परेको सकारात्मक प्रभावको विश्लेषण यसमा गरिन्छ।

**(३) पर्याप्तता (Adequacy)** लक्षित वर्ग, क्षेत्र तथा समुदायको आवश्यकताअनुरूप नीतिगत व्यवस्था पर्याप्तता छ/छैन भनी परीक्षण गरिन्छ।

**(४) समता (Equity)** निश्चित वर्गका लागि परिलक्षित गरेर ल्याइएका नीतिको कार्यान्वयनबाट त्यसको लाभ उक्त वर्गमा समतामूलक रूपमा पुग्यो/पुगेन भनी मूल्याङ्कन तथा विश्लेषण गरिन्छ। यस्तो लाभ आर्थिक र गैरआर्थिक दुवै हुन सक्दछ। यसमा मूलतः वितरणात्मक समताको अवस्था मापन गरिन्छ।

**(५) प्रभाव (Impact)** यसमा नीति कार्यान्वयनबाट परेको अपेक्षित र अनपेक्षित प्रभावको मूल्याङ्कन गरिन्छ। प्रभावकारिता मापन गर्दा नीतिको सकारात्मक पक्षका साथै उक्त नीतिको कार्यान्वयनबाट आर्थिक, राजनीतिक, सामाजिक, प्राविधिक तथा समग्र वातावरणमा परेको प्रभावको विहङ्गम विश्लेषण गरिन्छ। नीति कार्यान्वयनबाट अपेक्षा गरिएको उद्देश्यको कसीमा प्राप्त भएको उच्च तहको प्रभावलाई मूल्याङ्कन गरिन्छ।

**(६) सान्दर्भिकता (Relevance)** नीतिगत हस्तक्षेपबाट लक्षित वर्ग, क्षेत्र तथा समुदायमा पुगेको लाभको मूल्याङ्कन गरी नीतिको सान्दर्भिकता छ/छैन सो परीक्षण गरिन्छ।

**(७) सामञ्जस्यता (Coherence/Consistency)** सार्वजनिक नीतिहरू एकाङ्की रूपमा कार्यान्वयन हुन नसक्ने भएको हुँदा उक्त नीतिसँग अन्तरसम्बन्धित अन्य नीतिका विभिन्न पक्षसँग भएको नीतिगत तादात्म्यता पनि मूल्याङ्कन तथा विश्लेषण गरिन्छ। जस्तै वाणिज्य नीतिको लक्ष्य प्राप्तिमा औद्योगिक नीति, लगानी नीति, कृषि नीतिले पनि प्रभाव पार्ने हुँदा यी पक्षहरूको अन्तरआवद्धताको मूल्याङ्कन गरिन्छ।

## नीति चक्रमा तथ्य/तथ्याङ्कको महत्त्व

| नीति चक्र/चरण | मुख्य क्रियाकलाप | सबालहरू (तथ्य/तथ्याङ्कको महत्त्व) |
|---|---|---|
| कार्यसूची तयारी (Agenda Setting) | सचेतना कार्यक्रम सञ्चालन | सचेतना कार्यक्रम सञ्चालन |
| नीति तर्जुमा (Policy Formulation) | नीतिका विकल्प र उत्तम विकल्पको छनोट गरिन्छ | नीति निर्माण गर्नुअघि उपलब्ध विकल्पहरूको विश्लेषण गरी उत्तम विकल्पको छनोट गरिन्छ। छनोट भएको नीति कार्यान्वयनबाट समस्या/सबाल सम्बोधन हुन सक्दछ भन्ने विश्वसनीयता उपलब्ध तथ्यले गराउँदछ। |
| नीति कार्यान्वयन (Policy Implementation) | छनोट गरिएको नीतिको कार्यान्वयन | नीति कार्यान्वयनको क्रममा तथ्यलाई आत्मसात् गरिन्छ। यस चरणमा सञ्चालन गरिएका कार्यबाट प्राप्त अनुभव/सिकाइ, विज्ञहरूबाट प्राप्त ज्ञानका साथै अन्य व्यवहारिक अनुभवबाट आउने तथ्यले महत्त्व राख्दछ। त्यसैले पाइलट प्रोजेक्ट वा सानो मात्राको अनुसन्धानात्मक कार्यबाट आएको व्यवहारिक ज्ञान को उपयोग गरिन्छ। |
| नीति मूल्याङ्कन (Policy | नीति कार्यान्वयनको | सञ्चालित क्रियाकलाप/प्रक्रियाको अनुगमन |

| | | |
|---|---|---|
| Evaluation) | अनुगमन र प्रभावको मूल्याङ्कन | गर्न संयन्त्र गठन गरिन्छ भने नीति कार्यान्वयनको समग्र प्रभावकारिताको मापन गर्न प्रभाव मूल्याङ्कन लगायतका कार्य गरी प्राप्त नतिजाको आधारमा भविष्यको लागि निर्णयको आधार का रूपमा काम गर्दछन्। |

उपर्युक्त नीति चक्रका विभिन्न चरणमा उपलब्ध हुने विभिन्न तथ्यले उक्त चरणका गतिविधिमा प्रत्यक्ष र परोक्ष प्रभाव पारिरहेको हुन्छ। यसैले नीतिगत समस्याको सही छनोटदेखि प्रभाव मूल्याङ्कनसम्म अनुसन्धानात्मक तथ्य/प्रमाणको महत्त्व रहन्छ।

यति हुँदाहुँदै पनि सार्वजनिक नीति निर्माणलाई देहाय बमोजिमका तत्वहरूले पनि प्रभाव पार्दछन्:




(Adopted from Davies, 2004)

नीति निर्माणमा व्यक्तिगत ज्ञान, अनुभव तथा अव्यक्त ज्ञान मात्र होइन, नीतिगत हस्तक्षेपका लागि स्रोत साधनको आवश्यकता पर्दछ। नीति चक्रका विभिन्न चरणमा आउनसक्ने राजनैतिक दबाब/प्रभाव तथा व्यक्तिगत मूल्य/मान्यताले असर पारेकै हुन्छ। यसैगरी, व्यक्ति तथा समुदायको खास प्रवृत्ति, स्वभावका साथै अवलम्बन गरिरहेको परम्पराहरूले पनि प्रभाव पारेको पाइन्छ। नीति निर्माणमा तथ्य/प्रमाण, नीति निर्माता स्वयंको ज्ञान र अनुभव, दबाब तथा स्वार्थ समूह, सञ्चार माध्यमले गर्दा पनि निर्णय निर्माणमा प्रभाव पारेका हुन्छन्।

## सीमाहरू

उपलब्ध सूचना तथा तथ्यको प्रभावकारी ढङ्गले विश्लेषण गरी यसको नतिजालाई नीति चक्रमा प्रयोग गरिने भएतापनि सबै परिस्थिति र अवस्थामा तथ्य र प्रमाणको उपयोग गर्न कठिन हुने, व्यवहारिक र सान्दर्भिक नहुने अवस्था पनि आउँदछ।

- विपद् तथा आपतकालीन अवस्थामा तत्काल निर्णय गर्नुपर्ने हुँदा तथ्यहरू विश्लेषण गर्न कठिन हुन्छ। यस्तो परिस्थितिमा विगतको अभ्यास तथा अनुभवका साथै निर्णयकर्ताको मनज्ञानलाई निर्णयको आधार मानिन्छ।
- राजनैतिक तरलता तथा जटिलताको अवस्थामा तथ्यमा आधारित निर्णय हुने सम्भावना कम हुन्छ।
- तथ्य पहिचान तथा प्रमाण सङ्कलनमा बढी समय लाग्ने तथा स्रोत साधनको माग बढी हुने भएको हुँदा तत्काल निर्णय गर्नुपर्ने अवस्थामा प्रयोग गर्न सकिँदैन।
- अध्ययन तथा अनुसन्धानबाट तथ्य निर्माण गर्न सरकारी संरचना र बाह्य क्षेत्रमा काम गरेका अनुसन्धानकर्ताको आवश्यकता पर्दछ तर सबै परिस्थितिमा यस्तो विशेषज्ञ जनशक्ति उपलब्ध नहुन सक्दछन्।
- अध्ययन तथा अनुसन्धानबाट आउने तथ्य/नतिजा स्वतन्त्र र तटस्थ नहुँदा वा आग्रहबाट निर्देशित भएको अवस्थामा यसको उपयोग गर्न सकिँदैन।
- अध्ययन तथा अनुसन्धानको नतिजा यसमा प्रयोग गरिएको विधिमा बढी निर्भर हुने भएकोले कस्तो विधि प्रयोग गरिएको छ, त्यसैको आधारमा आउने नतिजा निर्भर हुन्छ।
- तथ्यमा आधारित नीति निर्माण गर्न प्रभावकारी संस्थागत क्षमताको आवश्यकता हुन्छ तर सबै अवस्थामा यस्तो क्षमता उपलब्ध नहुन सक्दछ।
- अनुसन्धानबाट आएको नतिजालाई सबै अवस्था वा परिस्थितिमा समान ढङ्गले उपयोग गर्न नसकिने अवस्था हुन्छ।

त्यसैगरी ग्रीनहल्ग र रसेल (Greenhalgh and Russell) ले तथ्यमा आधारित नीति निर्माणमा आउने सीमाहरूलाई देहाय बमोजिम उल्लेख गरेका छन्ः

- सम्बोधन गर्न खोजिएको नीति समस्या नै स्पष्ट नहुँदा तथ्यमा आधारित नीति निर्माण गर्न सकिँदैन।

- अध्ययन अनुसन्धानबाट आएको नतिजा उपयोग गर्न स्रोत साधनको अभाव हुन सक्दछ।
- अनुसन्धानबाट आएको नतिजा बढी महत्त्वाकांक्षी भएको अवस्थामा त्यसलाई व्यवहारमा लागू गर्न सकिँदैन।
- अनुसन्धानबाट आएको नतिजा निश्चित क्षेत्रमा लागू गर्न असान्दर्भिक पनि हुन सक्दछ।
- कतिपय अवस्थामा व्यक्तिगत अनुभव/ज्ञान, स्थानीय अनुभव तथा वास्तविक अवस्था भन्दा अनुसन्धानको नतिजा फरक आउने अवस्था पनि हुनसक्दछ।
- अनुसन्धान गर्नुअघि अपेक्षा गरिएको नतिजाभन्दा वास्तविक नतिजा फरक आउन सक्दछ।
- कतिपय अवस्थामा अनुसन्धानको नतिजा भन्दा फरक ढङ्गले निर्णय गर्नुपर्ने अवस्था पनि आउन सक्दछ।

## समस्याहरू

नीति निर्माताले गुणस्तरीय निर्णय गर्न तथ्यको प्रयोग गर्नुपर्ने अपरिहार्यता छ। तथ्यमा आधारित नीति निर्माण सधैं एकनासले नीति निर्माताले अपेक्षा गरे अनुरुप सिधा बाटोमा हिँड्दैन। यसमा विभिन्न सैद्धान्तिक तथा व्यवहारिक समस्याहरू आउने गर्दछन्।

- सार्वजनिक नीति निर्माणमा अनुसन्धानात्मक योजना कमजोर हुने भएकोले अपेक्षित नतिजा नआउने।
- अनुसन्धानबाट आएको नतिजा उपयुक्त समयमा नीति निर्माता वा नीति समुदायसम्म नपुग्ने।
- अपेक्षित रूपमा सञ्चार माध्यमको उपयोग नहुने।
- नीति निर्माता तथा अनुसन्धानकर्ता बीच प्रभावकारी छलफल/संवाद नहुने।
- अनुसन्धानको नतिजा सधैं अराजनीतिक, निष्पक्ष, वस्तुगत तथा सही विश्लेषणबाट आएको छ भन्न सकिने अवस्था नहुने।
- अनुसन्धानको नतिजा राम्रो हुँदाहुँदै पनि नीति निर्माणमा सुरक्षित र विश्वसनीय ढङ्गले उपयोग गर्न नसकिने।
- अनुसन्धानको प्रारम्भिक चरणदेखि नै नीति निर्माता (कर्मचारी र निर्वाचित प्रतिनिधि) लाई संलग्न नगराउँदा यसको नतिजाप्रति उनीहरू विश्वस्त हुन नसक्ने।

- नीति निर्माता र अनुसन्धानकर्ताको प्रवृत्ति, मनोवृत्ति तथा कुनै विषयप्रति उनीहरूको झुकाव पनि फरक/फरक हुनसक्ने।
- अनुसन्धानको नतिजाबाट आउने लाभ/फाइदा प्रति नीति निर्माता तथा अनुसन्धानकर्ताको धारणामा एकमत नहुन सक्ने।

## नेपालको विद्यमान अवस्था

नेपालमा राजनैतिक परिवर्तनसँगै नीति प्राथमिकताहरू पनि परिवर्तन भइरहेका छन्। नीतिगत दिशानिर्देश मुलुकले अवलम्बन गरेको राजनैतिक प्रणालीबाट हुने भएकोले पञ्चायत, बहुदलीय प्रजातन्त्र हुँदै सङ्घीय शासन व्यवस्थासम्म आइपुग्दा नीति प्राथमिकताहरू पनि सँगसँगै परिवर्तन भएका छन्। वि.सं. २०७२ सालमा जारी भएको नेपालको संविधानले राजनैतिक ढाँचासँगै विकास, समृद्धि र सुशासन हासिल गर्न मुलुकले अवलम्बन गर्नुपर्ने शिक्षा, स्वास्थ्य, सुशासन, पूर्वाधार विकास लगायतका क्षेत्रमा लिनुपर्ने नीतिगत दिशा स्पष्ट गरेको छ। यसरी मुलुकको आर्थिक, सामाजिक, राजनैतिक, प्रशासनिक, अन्तर्राष्ट्रिय सम्बन्ध लगायतका नीतिहरू संविधानको धारा ५१ मा विभिन्न १३ वटा विषय क्षेत्र अन्तर्गत ९६ वटा क्षेत्रमा राज्यका नीतिका रूपमा विभाजन गरिएको छ। अब सङ्घ, प्रदेश र स्थानीय तहहरूले आफ्नो नीति प्राथमिकताका आधार यसैलाई मानेर सो बमोजिम तहगत तथा क्षेत्रगत नीतिहरू निर्माण गर्नुपर्ने आवश्यकता छ।

वि.स. २०७४ सालमा नेपालको संविधानको अनुसूचीको कार्य विस्तृतीकरण गरिएको छ तर राज्यका नीतिहरूलाई हालसम्म पनि विस्तृतीकरण (Unbundling) गरिएको छैन। यसैले अनुसूचीको कार्य विस्तृतीकरणको परिमार्जन गर्दा समेत राज्यका नीतिहरूलाई पनि ध्यान पुऱ्याउनुपर्ने आवश्यकता छ। सङ्घीयता कार्यान्वयन पछिको यस अवधिमा सङ्घ, प्रदेश र स्थानीय तहबाट निर्माण गरिएका वा अवलम्बन गरिएका नीतिगत व्यवस्था तथा निर्णयको असर/प्रभाव मुलुकको समग्र आर्थिक, सामाजिक, राजनैतिक, प्रशासनिक तथा अन्तर्राष्ट्रिय सम्बन्धमा कस्तो पऱ्यो भन्ने विषयको तथ्यपरक विश्लेषण गर्नुपर्ने अवस्थामा हामी पुगेका छौं। सार्वजनिक नीतिका लक्ष्य तथा उद्देश्यहरू अपेक्षित रूपमा हासिल भयो/भएन भन्ने कुरा एकीन तथ्यमा आधारित नीतिको अवधारणाले समेट्ने हुँदा यसलाई सङ्घ, प्रदेश र स्थानीय तहसम्म संस्थागत गर्नुपर्ने आवश्यकता छ। चालू सोह्रौं योजनामा "अध्ययन, अनुसन्धान तथा तथ्य र प्रमाणमा आधारित नीति निर्माण एवम् विकासका कार्यक्रम कार्यान्वयन गर्ने" समष्टिगत रणनीति लिइएको छ। यसैगरी आर्थिक वर्ष २०८१/८२ को बजेटमा सार्वजनिक नीति निर्माणलाई तथ्य र प्रमाणमा आधारित बनाउन व्यवहारिक अध्ययन अनुसन्धानमा जोड दिनुका साथै अध्ययन अनुसन्धान सम्बन्धी राष्ट्रिय नीति तयार गर्ने विषय समेटिएको छ।

यसैले सार्वजनिक नीतिको डिजाइनदेखि कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनसम्म अवधारणालाई आत्मसात् गर्नुपर्दछ। नीति चक्रका प्रत्येक चरणका साना/साना गतिविधिको पनि सूक्ष्म अध्ययन तथा विश्लेषण गर्न तथ्यमा आधारित नीतिले सहयोग पुऱ्याउने मात्र होइन यसले नीति निर्माणमा संलग्न पदाधिकारीहरूलाई जिम्मेवार र जवाफदेही बनाउन पनि प्रेरित गर्दछ। यस्तो महत्त्वपूर्ण अवधारणाको प्रयोगमा भने हामी प्रारम्भिक अवस्थामा नै छौं। संविधानले समग्रमा नीतिगत दिशानिर्देश गरेको भएतापनि प्रत्येक पटक गठन हुने नयाँ सरकारका न्यूनतम साझा कार्यक्रमदेखि वार्षिक रूपमा आउने नीति तथा कार्यक्रम र बजेटले पुराना नीतिहरूलाई निरन्तरता दिन सकेको भने पाइँदैन। यसैले प्रत्येक पटक सरकार मात्र होइन मन्त्रालयको नेतृत्व गर्ने मन्त्री/सचिव परिवर्तन हुँदा पनि मन्त्रालय तथा निकायहरूको नीति प्राथमिकताहरू परिवर्तन भएको देखिन्छ।

## संरचनागत व्यवस्था

शासन र प्रशासनको केन्द्रका रूपमा प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयका साथै सातवटै प्रदेशका मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय र गाउँ/नगरकार्यपालिकालाई नीति निर्माणको उच्च तहका रूपमा लिइन्छ। यी निकायले लिने कुनै पनि निर्णयको प्रभाव मुलुकभरि वा सम्बन्धित क्षेत्रमा पर्दछ। तथ्यमा आधारित नीति निर्माणमा प्रत्यक्ष र परोक्ष रूपमा संलग्न निकायहरू देहाय बमोजिम रहेका छन्ः

- **व्यवस्थापिका, न्यायपालिका र कार्यपालिकीय निकायहरूः** व्यवस्थापिकामा रहेका विषयगत समिति तथा विभिन्न समयमा गठन हुने अध्ययन/छानबिन समिति, न्यायपालिकाबाट हुने कानुनको व्याख्यात्मक टिप्पणीसहित सरकारलाई दिने निर्देशनात्मक आदेशहरू।
- **राष्ट्रिय योजना आयोग/प्रदेश योजना आयोगः** देशको विकास योजना र नीति तर्जुमामा सल्लाह दिने तथा प्रादेशिक तहमा यस्तै उद्देश्यले गठन गरिएको।
- **नीति अनुसन्धान प्रतिष्ठानः** नेपाल सरकारको विशेषज्ञ समूह (थिङ्क ट्याङ्क) को रूपमा रहेको।
- **विश्वविद्यालयका अनुसन्धान केन्द्रः** आर्थिक तथा प्रशासन विकास केन्द्र लगायतका संस्थाहरू।
- **निजी क्षेत्रबाट सञ्चालनमा रहेका नीति अनुसन्धान संस्थाहरूः** नेपाल इन्स्टिच्युट अफ पोलिसी रिसर्च, नेपाल डेभलपमेन्ट रिसर्च इन्स्टिच्युट, नेपाल इकोनोमिक फोरम, आइडिया स्टुडियो आदि।
- **नेपाल उद्योग वाणिज्य सङ्घ तथा नेपाल उद्योग परिसङ्घमा रहेका स्रोत केन्द्रहरूः** अनुसन्धान र तथ्यका आधारमा निजी क्षेत्रका चासो र सरोकारलाई सरकारसम्म पुऱ्याउन क्रियाशील रहेका छन्।

- **मन्त्रालय तथा निकायमा रहेका नीति विश्लेषण इकाइः** क्षेत्रगत मन्त्रालय तथा निकायमा रहेका इकाइहरू जसले तत् तत् क्षेत्रका नीतिहरू मिहिन विश्लेषण गर्ने गर्दछन्। जस्तैः राष्ट्रिय योजना आयोगमा रहेको अनुगमन तथा मूल्याङ्कन महाशाखा र अर्थ मन्त्रालयमा रहेको आर्थिक नीति विश्लेषण महाशाखालाई उदाहरणका रूपमा लिन सकिन्छ।

- **सुशासन प्रयोगशालाः** मुलुकको समग्र शासकीय परिवर्तनको लाभांश नागरिकसम्म पुऱ्याई सरकारको वैधता तथा विश्वसनीयतालाई बढावा दिन ल्याइएको अवधारणा कार्यान्वयनमा आएको पाइँदैन।

- **नीति प्रयोगशालाः** सार्वजनिक क्षेत्र र विश्वविद्यालय बिच सार्वजनिक सरोकारका विषयहरूलाई साझा सवालको अध्ययन, अनुसन्धान गरी प्राप्त नतिजालाई उपयोग गर्ने अवधारणासहित काठमाडौं विश्वविद्यालयमा रहेको इकाइ।

- **प्रतिभा डबलीः** सुशासनका लागि नवीन सोचका साथ निजामती कर्मचारीहरूबाट नवीन सोच प्रस्तुत गर्ने गरी सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट कार्यान्वयनमा ल्याइएको अवधारणा।

- **आइडिया बैंकः** काठमाडौं महानगरपालिकाले महानगरवासीको सोचलाई योजना र योजनालाई व्यवसायमा रूपान्तरण गर्न ल्याएको अवधारणा।

माथि उल्लेख भएका विभिन्न संरचना/निकाय तथा अवधारणाहरूको मूल ध्येय नै आर्थिक सुधार, स्वास्थ्य क्षेत्र सुधार, शिक्षा क्षेत्र सुधार, प्रशासन क्षेत्र सुधार, सेवा प्रवाहमा गरिने आमूल सुधारका लागि सरकारलाई नीति पृष्ठपोषण दिनु हो। यसैगरी नागरिकको दैनिक जीवनलाई सहज बनाउने ट्राफिक व्यवस्थापन, फोहरमैला व्यवस्थापन मात्र होइन मापदण्ड विपरीतको प्लास्टिक झोलाको प्रयोग होस् वा शहरमा पार्किङ व्यवस्थापन लगायतका सबालहरूमा सार्वजनिक निकायबाट लिइने निर्णय तथ्यमा आधारित हुनुपर्ने आवश्यकतालाई यी संस्थाहरूले सहयोग पुऱ्याइरहेका छन् तर यी संस्थाहरूको प्रयास एकीकृत नभई एकाङ्की ढङ्गले चलिरहेको देखिन्छ। सरकारी निकायहरूमा नेतृत्व परिवर्तन हुनासाथ नीति प्राथमिकता र कामको प्रकृति नै परिवर्तन हुने हुँदा तथ्यमा आधारित नीति निर्माणमा सारभूत उपलब्धि हासिल गर्न कठिन हुने अवस्था छ।

## नीति परीक्षण

तथ्यमा आधारित नीति निर्माण गर्दा सम्बन्धित नीतिको कार्यान्वयनको समग्र अवस्था सम्बन्धमा गरिएको नीति परीक्षणबाट आएको नतिजालाई पनि विश्लेषण गर्न सकिन्छ। नीतिगत व्यवस्थाको प्रभावकारिता मापन गर्नु नीति परीक्षणको ध्येय हो। इन्स्टिच्युट अफ डेभलपमेन्ट स्टडिज (Institute of Development

Studies) का अनुसार, "Policy audit is a systematic review of a set of policies, policy processes and usually focused on a particular theme or area of the policy". नीति परीक्षणमा नीतिको विषयवस्तु र क्षेत्र भित्र रहेर कार्यान्वयनको अवस्था परीक्षण गरिन्छ। मुलुकको वृहत् नीतिका रूपमा संविधानले गरेको दिशानिर्देश गरे बमोजिम राष्ट्रिय नीतिको परीक्षण गरिन्छ। परीक्षण गर्दा मूलभूत रूपमाः मौलिक हक, राज्यका निर्देशक सिद्धान्त तथा राज्य नीतिसँग राष्ट्रिय नीतिको तादात्म्यता, नीति कार्यान्वयनमा अन्तर-निकायगत समन्वयको अवस्था, नीतिगत व्यवस्थाको कार्यान्वयन अवस्था, नीतिमा प्रस्ताव गरिएका संरचनाहरूको क्रियाशीलता, आवधिक योजना, मध्यमकालीन खर्च संरचना र वार्षिक कार्यक्रमसँग राष्ट्रिय नीतिसँगको तादात्म्यता आदि विषयहरू परीक्षण गरिन्छ।

नीति परीक्षणले नीतिको कार्यान्वयनको अवस्था, प्राप्त परिणाम, नीतिको प्रभाव, असर तथा प्रभावकारिताको निर्क्योल गर्न सकिन्छ। राष्ट्रिय नीतिहरूको वर्गीकरण तथा विश्लेषण सम्बन्धी अध्ययन प्रतिवेदन अनुसार २०७५ सालसम्म नेपालमा जम्मा ८९ वटा राष्ट्रिय नीति निर्माण भएका थिए। हाल नेपाल सरकारबाट स्वीकृत भएका ११३ वटा राष्ट्रिय नीतिहरू कार्यान्वयनमा रहेका छन् (प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय)। यसरी निर्माण भएका नीतिले उक्त क्षेत्रका पुराना केही नीतिलाई खारेज समेत गरेका छन्। यसमध्ये हालसम्म जम्मा ५ वटा राष्ट्रिय नीतिहरूको मात्र परीक्षण गरिएको छ। यसबाट हामी नीति निर्माणमा मात्र केन्द्रित भएका छौं, यसको कार्यान्वयनमा चासो दिन सकेका छैनौं भन्ने तथ्यलाई पुष्टि गर्दछ।

## कानुन निर्माणमा संसद्

नेपालको संविधान जारी भएपछि सङ्घीय संसद्को पहिलो कार्यकालमा दर्ता भएका १५३ वटा विधेयकमध्ये १०१ वटा मात्र प्रमाणीकरण भए। उक्त अवधिमा प्रतिनिधि सभाका तीनवटा र राष्ट्रिय सभाका पनि तीनवटा अधिवेशनमा कुनै पनि विधेयक दर्ता नै भएनन्। संसद्लाई कानुन तथा नीति निर्माणमा सघाउ पुऱ्याउन तथा सरकारलाई निर्देशन दिन र सरकारका कामको ओभरसाइट (oversight) गर्न गठन गरिएका सङ्घीय संसद्मा रहेका १४ वटा विषयगत र दुई वटा संयुक्त समितिहरूबाट भएका गतिविधिको विवरण पनि सार्वजनिक भएकै छ। सङ्घीय संसद्ले आफूलाई तथ्यमा आधारित नीति तथा कानुन निर्माण र कार्यान्वयनको परीक्षणको प्रयोगशालाका रूपमा स्थापित गर्न अझै धेरै काम गर्नुपर्ने देखिन्छ। सरकारलाई संसद्प्रति उत्तरदायी र जवाफदेही बनाउन, सरकारबाट भएका काम कारबाहीको अनुगमन र मूल्याङ्कन गरी आवश्यक निर्देशन वा राय सल्लाह दिन राष्ट्रिय सभामा विधायन व्यवस्थापन समिति तथा प्रतिनिधि सभामा विधायन व्यवस्थापन समिति लगायत सबै विषयगत समितिलाई संसद्का नीति प्रयोगशालाका रूपमा क्रियाशील बनाउनु पर्दछ। तर यी समितिहरूको भूमिका पनि तथ्यमा आधारित नीति तथा कानुन निर्माणमा अपेक्षित रूपमा प्रभावकारी नरहेको आम धारणा रहिआएको छ।

त्यसैले, हालसम्म निर्माण गरिएका ३५० को हाराहारीमा रहेका कानुनको कार्यान्वयनको परीक्षण अभ्यास थालनी नै भएको छैन। यसैले नेपालमा तथ्यमा आधारित नीति तथा कानुन कार्यान्वयनको परीक्षणमा सङ्घ, प्रदेश र स्थानीय तहमा रहेका विधायिकी अङ्ग मात्र होइन कार्यकारीका रूपमा सरकार, न्यायपालिका, निजी क्षेत्र तथा स्वयं नागरिक पनि सचेत र क्रियाशील हुनुपर्ने आवश्यकता छ।

## निष्कर्ष

सार्वजनिक नीतिका सबै चरणमा उपलब्ध तथ्य, प्रमाण तथा आधारको विश्लेषणबाट प्राप्त नतिजाको उपयोग गर्नुपर्दछ। यसका लागि विवेकसम्मत, गहन र व्यवस्थित विधिहरूको प्रयोग आवश्यक छ। यसरी गरिने विश्लेषणमा अनुसन्धानको नतिजाका साथसाथै मुलुकको राजनैतिक प्राथमिकता, वस्तुगत अवस्था र व्यवहारिक पक्षहरूलाई पनि ध्यान दिनुपर्दछ। यसबाट समग्र नीतिको वातावरण, नीतिको प्रभाव, नीतिको रणनीतिक लक्ष्य र प्राप्त उपलब्धि सहित विद्यमान अवस्था र अपेक्षित उपलब्धिबीचको सही विश्लेषण गर्न मद्दत गर्दछ।

नेपालमा नीति तथा कानुन निर्माणमा सम्बन्धित पक्षको सक्रियता हुने तर कार्यान्वयनमा भने क्रियाशीलता देखिँदैन। यसमा नीति तथा कानुन निर्माण भएपछि स्वतः कार्यान्वयन हुन्छन् भन्ने मनोविज्ञानले काम गरिरहेको छ। यसैले अहिलेसम्म तथ्यमा आधारित नीति र परीक्षणमा आधारित नीतिले प्राथमिकता पाएको छैन। यसर्थ, हालसम्म निर्माण भएका राष्ट्रिय नीति तथा कानुनहरूको कार्यान्वयनको वस्तुगत विश्लेषण गरी भविष्यमा नीति तथा कानुनको प्रभावकारिता अभिवृद्धि गर्न तथ्यमा आधारित नीतिहरू निर्माण र कार्यान्वयन गर्नुपर्दछ।

## सन्दर्भ सामग्री

अर्थ मन्त्रालय. (२०८१). *आर्थिक वर्ष २०८१/८२ को बजेट वक्तव्य.* अर्थ मन्त्रालय.

कानुन किताब व्यवस्था समिति. (२०७२). *नेपालको संविधान.* कानुन किताब व्यवस्था समिति.

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय. (२०७५). *राष्ट्रिय नीतिहरूको वर्गीकरण अध्ययन प्रतिवेदन.* प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय.

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय. (२०७५ र २०७७). *नीति परीक्षण प्रतिवेदन.* प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय.

प्रदेश नीति तथा योजना आयोग. (२०७७). *प्रदेश तथा स्थानीय तह अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन.* प्रदेश नीति योजना आयोग, गण्डकी प्रदेश.

नेपाल सरकार. (n.d.). *नेपाल सरकारबाट जारी भएका विभिन्न राष्ट्रिय नीतिहरू.* नेपाल सरकार.

नीति अनुसन्धान प्रतिष्ठान. (२०७९). *सार्वजनिक नीति निर्माणको विषयवस्तु, विधि र प्रक्रिया.* नीति अनुसन्धान प्रतिष्ठान.

राष्ट्रिय योजना आयोग. (२०८१). *सोऱ्हौं योजना.* राष्ट्रिय योजना आयोग.

राष्ट्रिय योजना आयोग. (२०७५). *राष्ट्रिय अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन.* राष्ट्रिय योजना आयोग.

Pawson, R. (2006). *Evidence-Based Policy* (Realist Perspective). SAGE Publications.

Nepal, K. (2021). Policy Audit. *PRASHASAN*, 122, 122-135. Ministry of Federal Affairs and General Administration.

World Bank Group. (2011). *Impact Evaluation in Practice* (2nd ed.).

Bipartisan Policy Center. (n.d.). Evidence-Based Policymaking Primer. Retrieved from https://www.bipartisanpolicy.org/download/?file=/wp-content/uploads/2019/03/Evidence-Based-Policymaking-Primer.pdf

Ministry of Federal Affairs and General Administration. (n.d.). *National Ac*ts. Retrieved from https://www.opmcm.gov.np/national-acts/

Urban Institute. (n.d.). *Principles of Evidence-Based Policymaking*. Retrieved from https://www.urban.org/sites/default/files/publication/104112/principles_of_evidence-based_policymaking.pdf